# नेपाल पत्रकार महासंघ
## काठमाडौं शाखा

# २५औं
# साधारणसभा

**सचिव रमेश कुमार बोहोराद्वारा**

**प्रस्तुत संगठनात्मक प्रतिवेदन**

**नेपाल पत्रकार महासंघ काठमाडौं शाखा**

# नेपाल पत्रकार महासंघ
## काठमाडौं शाखा

# १५औं
# साधारणसभा

सचिव रमेश कुमार बोहोराद्वारा

प्रस्तुत संगठनात्मक प्रतिवेदन

**नेपाल पत्रकार महासंघ काठमाडौं शाखा**

९ जेठ, २०८३

अध्यक्ष मण्डलका अध्यक्षज्यू, अध्यक्ष मण्डलका सदस्यज्यूहरु, शाखाका सल्लाहकारज्यूहरु, शाखाका पूर्वअध्यक्षज्यूहरु, साधारण सदस्यज्यूहरु, प्रदेश परिषद् सदस्यज्यूहरु, राष्ट्रिय परिषद् सदस्यज्यूहरु, शाखाका कार्यसमितिका पदाधिकारी, सदस्य तथा सल्लाहकारज्यूहरुलगायत आजको यस साधारणसभामा उपस्थित सम्पूर्ण अग्रज तथा सहकर्मी मित्रहरु।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको मिति २०८१ मंसिर २८ गते सम्पन्न अधिवेशनबाट श्री शोभा अर्यालज्यूको नेतृत्वमा वर्तमान कार्यसमितिलाई यहाँहरुले निर्वाचित गराउनुभएको हो। निर्वाचित कार्यसमितिको सक्रियतामा महासंघमा भए गरेका गतिविधि तथा आगामी कार्ययोजना र रणनीतिका विषयमा बहस, छलफल तथा निर्णय गर्दै शाखालाई अझै गतिशील बनाउन हामी शाखाको २५ औं गरिमामय साधारणसभामा उपस्थित भएका छौं। यस साधारणसभाको बन्दशत्रमा उपस्थित हुनुभएका तपाई सम्पूर्णप्रति शाखाको तर्फबाट शाखाको सचिव म रमेश कुमार बोहोरा हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्न चाहन्छु।

यस शत्रमा सर्वप्रथम प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा होमिने क्रममा, कोरोना महामारीका क्रममा, जेनजी आन्दोलनका क्रममा साथै विभिन्न समय र आन्दोलनमा दिवंगत हुनुभएका शाखाका पूर्वअध्यक्ष अशोक श्रेष्ठ, निवर्तमान कार्यसमितिका सदस्य कमलराज राईलगायत दिवंगत हुनुभएका शाखाका सम्पूर्ण सदस्यहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यस्तै जेनजी आन्दोलनमा घाइते हुनुभएका शाखा सदस्य शम्भु दंगालसहित विभिन्न आन्दोलनका समयमा घाइते हुनुभएका पत्रकारहरुप्रति सम्मान व्यक्त गर्दै पूर्ण स्वास्थ्यलाभको कामना गर्दछु।

शाखाको अधिवेशन सम्पन्न भएपश्चात यस कार्यसमितिलाई २०८१ पुस १९ गते पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' प्रमुख अतिथि, पूर्वमन्त्री तथा नेपाली कांग्रेसका नेता अर्जुन नरसिंह केसी र नेकपा एमालेका तत्कालीन सचेतक महेश बर्तौलाज्यूको विशिष्ट आतिथ्यतामा पद हस्तान्तरण भएको थियो। त्यसपश्चात हामीले पदभार ग्रहण गरेका हौं। हामीलाई यहाँहरुले निर्वाचित गराएर काठमाडौं पत्रकार महासंघको नेतृत्वको जिम्मेवारी सुम्पनुभएको १ वर्ष ६ महिना पूरा भएको छ।

छोटो तयारीकै बीच आयोजना भइरहेको यस साधारणसभामा व्यवस्थापन, अतिथिसत्कार लगायतमा भएका कमीकमजोरीप्रति म क्षमायाचना गर्न चाहन्छु। यस कार्यसमितिको दोस्रो पूर्ण (प्रथम कार्यमूलक) बैठकले वृहत छलफल गरी २०८१ साल फाल्गुण २५ गते 'तीनवर्षे रणनीतिक कार्ययोजनापत्र -२०८१' तय गर्‍यौं। सो कार्ययोजनामा साना लगानी तथा स्वरोजगारमूलक मिडियाको रक्षा, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र श्रमजीवी पत्रकारको हितलाई आफ्नो मूल लक्ष्य ठानेर २३ बुँदे कार्ययोजनापत्र जारी गरेको यहाँहरु सबैलाई अवगत नै छ। अब म यस शाखाको पृष्ठभूमिसहित वर्तमान निर्वाचित कार्यसमितिबाट यस अवधिमा भएगरेका कार्यहरु, विभिन्न समस्या तथा चुनौती र आगामी योजनाबारे सभामा संक्षेपमा प्रतिवेदन प्रस्तुत गर्न यो सभाको अनुमति चाहन्छु।

## पृष्ठभूमि

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको स्थापना २०४९ सालमा भएको हो । संस्थापक सभापति किशोर नेपालले त्यतिबेलाको असहज अवस्थामा शाखालाई हाँकेर हामीलाई महासंघको आजको बाटोमा ल्याउन योगदान दिनुभएको हो । यसबीचमा शाखालाई नेतृत्व प्रदान गर्नुहुने पूर्वअध्यक्षहरु अशोक श्रेष्ठ (स्वर्गिय), गोपाल बुढाथोकी, ईश्वरी वाग्ले, हरी लम्साल, युवराज विद्रोही, गोविन्द चौलागाई, शन्तराम बिडारी र सूर्य सुवेदीज्यूलाई ससम्मान स्मरण गर्दै उहाँहरुको योगदानको शाखाले उच्च मूल्यांकन गरेको अवगत गराउँदछु ।

अध्यक्ष मण्डलका अध्यक्षज्यू, पूर्वअध्यक्षज्यूहरु, साधारण सदस्यज्यूहरु, प्रदेश परिषद् सदस्यज्यूहरु, राष्ट्रिय परिषद् सदस्यज्यूहरु, शाखाका कार्यसमितिका पदाधिकारी, सदस्य तथा सल्लाहकारज्यूहरु, हामीले यस अवधिमा गरेका कार्यक्रमहरु म सचिवको हैसियतले संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।

## सांगठनिक अवस्था तथा कार्यहरु :

शाखामा हाम्रो कार्यसमिति निर्वाचित भएर आए यता हामीले ६ वटा कार्यसमिति बैठक प्रत्यक्षरुपमा उपस्थित भएर बसेका छौं । आवश्यक सल्लाह भर्चुअलमार्फत लिने गरेका पनि छौ ।

सूचना तथा प्रसारण विभागमार्फत पत्रकारहरुका लागि दुर्घटना वीमाको योजनामा पनि शाखाको प्रतिनिधित्व र सक्रिय सहभागिता रहेको छ । हामीले हाम्रो शाखाका ७८ जना सदस्यलाई सो योजनामार्फत दुर्घटना वीमामा समावेश गराएको यस सम्मानित सभामार्फत अवगत गराउन चाहन्छु ।

## शाखामा रंगरोगन र भौतिक काम

यसैबीचमा हामीले हाम्रो शाखा कार्यालयको स्वरुपलाई पनि केही परिवर्तन गरेका थियौं । हामी निर्वाचित भएर आएपछि शाखामा रंगरोगन गरेर शाखाको स्वरुपमा केही परिवर्तन पनि गरेका थियौं ।

यति गर्दागर्दै पनि यस शाखा कार्यालयको विगतदेखिका कार्यकालको भाडा हामीले तिर्न सकेका छैनौं । अर्को कुरा शाखाको अवस्था र आफ्नै भवन नहुँदाको पीडा हामीले तत्कालीन अवस्थादेखि नै भोग्दै आइरहेका छौ ं। यो विषयमा सम्वन्धित निकायमा पटकपटक धाउँदा पनि निकास निस्किने अवस्था रहेन । अहिले शाखाको भाडा बक्यौताका कारण हामी शाखाको कार्यालय भृकुटीमण्डपबाट सर्न बाध्य भएका छौं । महासंघको केन्द्रीय कार्यालयसँगैको भवनमा शाखालाई सारिएको पनि यसै शत्रमार्फत जानकारी गराउँदछु ।

# साना लगानी तथा स्वरोजगारमूलक मिडियाका विषयमा विज्ञापन बोर्डसँगको संघर्ष

यसबीचमा शाखाले साना लगानी तथा स्वरोजगारमूलक मिडियाका समस्याका सवालमा निरन्तर संघर्ष गर्दै आइरहेको छ। विज्ञापन बोर्ड, प्रेस काउन्सिल नेपाल र सूचना तथा सञ्चार मन्त्रालयलगायत साना लगानीका सञ्चारमाध्यमका सम्वन्धित विषयमा तपाईंहरुसँग आवश्यक छलफल र सहकार्य गर्ने कार्य पनि हामीले गर्दै आएका छौ । सो विषयमा शाखाले सम्पादक र प्रकाशकसँग पनि आवश्यकता अनुसार छुट्टै छलफल पनि गरेको यहाँ अवगत गराउँछु।

यस्तै विज्ञापन बोर्डको साना लगानीका सञ्चारमाध्यमविरोधी गतिविधिका बिरुद्ध शाखाले पटकपटक आफ्नो असहमति राख्दै आयो । यसैबीचमा हामीले बोर्डका अध्यक्षलाई लिखित ध्यानाकर्षणसमेत गराएर बोर्डसँगको लडाइमा यहाँहरुसँगै रहयौं। त्यति हुँदाहुँदै पनि हाम्रा सम्पूर्ण माग पूरा भएको अवस्था छैन। यो संघर्षमा पहिले जस्तै यहाँहरुको निरन्तरको साथ सहयोगको अपेक्षा गरेको छु। यस्तै विज्ञापन बोर्ड आफ्नो मूलभूत उद्देश्यबाट विचलित हुँदै गएको खण्डमा सो बोर्डको औचित्यमाथि प्रश्न गर्दै बोर्डको क्रियाकलाप सच्चिनुपर्ने हामी जोडदार माग गर्दछौं । यसैबीचमा लोककल्याणकारी विज्ञापनको अपुग रकम माग गर्दै अर्थ मन्त्रालयका सचिवलाई ध्यानाकर्षण गराइएको छ। समय मिलाएर हाम्रो शाखाको कुरा र समस्या सुनिदिनुभएकोमा अर्थसचिव घनश्याम उपाध्यायप्रति शाखा कृतज्ञ भएको छ।

## अतिरिक्त क्रियाकलापतर्फ

अतिरिक्त क्रियाकलापअन्तर्गत महासंघ काठमाडौं शाखा र तपाईं सबै सदस्यहरुबीचको दूरीलाई छोट्याउन गोकर्णेश्वर नगरपालिकाका प्रमुख दिपक रिसालज्यूको प्रमुख आतिथ्यतामा वनभोज गरी सदस्यसहित पारिवारिक मिलनको अवसर जुटाइएको पनि यहाँलाई अवगतै छ। यस्तै ज्येष्ठ पत्रकारहरुको लगत संकलन र विरामी पत्रकारको अवस्थाको पहिचान गर्ने सवालमा पनि शाखाले निरन्तर काम गरिरहेको यहाँहरुमाझ जानकारी गराउँदछौं।

## श्रमजिवी पत्रकारहरुको आन्दोलनमा अग्रसरता

यस शाखामा वर्तमान कार्यसमिति आएपछि श्रमजिवी पत्रकारहरुको हकहितका पक्षमा हामी निरन्तर सक्रियतापूर्वक लागिरहयौं। श्रमजीवी पत्रकारहरुको हरेक आन्दोलन र मुद्धामा हाम्रो उपस्थिति रही नै रह्यो। नागरिक दैनिक, कान्तिपुर दैनिक, राजधानी दैनिक, अन्नपूर्ण पोष्ट दैनिक, रासस, हिमालय टिभी, एभीन्युज टिभीलगायतमा श्रमजीवी आन्दोलनको पक्षमा शाखाको सक्रिय सहभागिता रहयो।

## प्रेस स्वतन्त्रता दिवस

पहिलो पटक विश्व प्रेस स्वतन्त्रता दिवसमा शाखाले आफ्नो अग्रसरतामा र्‍यालीसमेत आयोजना गरेको यो सभालाई अवगत गराउँदछु।

## डेङ्गु महामारीमा रक्तदान कार्यक्रम

हाम्रो शाखाले डेङ्गु महामारी फैलिएर रगतको अभावमा अस्पतालमा बिरामी छटपटीमा रहेको अवस्थामा शाखा कार्यलयमा रक्तदानको कार्यक्रम आयोजना गरी ६५ पिन्ट रगत कलेक्सन गरेका थियौं। उक्त कार्यले बिरामीलाई केही सपोर्ट भयो भन्ने हाम्रो ठम्याई छ।

## फोटोग्रफी तालिमको संयोजन

शाखाले नेपाल फोटो पत्रकार संघ (एनएफपीजे) सँग सहकार्य गरी करिब ३० जना पत्रकारलाई फोटोग्राफीको तालिम दिलाएको थियो। उक्त तालिम पर्यटन बोर्डमा भएको थियो।

## तालिममा सहभागिता

वागमती प्रदेश सरकार र सञ्चार रजिस्ट्रारको कार्यलयले गरेको तालिममा शाखाको तर्फबाट करिब १५ जना सदस्ययहरु लाभान्वित हुनुभएको छ।

## शाखा अध्यक्ष पुरस्कृत

वागमती प्रदेश सरकारले मिडिया बचाउ अभियान सञ्चालन र नेतृत्व गरेको भनी वागमती प्रदेश अन्तर्गतका जिल्लाको पहिलो महिला अध्यक्षका रुपमा वागमती प्रदेश सरकारले गणतन्त्र दिवसको अवसरमा गतवर्ष २५ हजारको नगद पुरस्कार र सम्मानपत्र प्रदान गरेको छ। यसले शाखाको गरिमालाई अझ बढाएको हाम्रो ठम्याइ छ।

## शाखाले प्रदान गर्ने पुरस्कारबारे

यस शाखाका अघिल्लो कार्यसमितिमा सदस्य रहँदै गर्दा दिवंगत हुनुभएका कार्यसमिति सदस्य कमलराज राईको स्मृतिमा नीजको परिवारको सहयोगमा १ लाख रुपैंयाँको अक्षयकोष स्थापना गरिएको यहाँहरु सबैलाई अवगत गराउँदछु। सो अक्षयकोषबाट प्राप्त हुने व्याजबापतको रकम स्मृति पुरस्कारमा समावेश गरिने छ। साथै एमडी कुलुङ पत्रकारिता पुरस्कारको लागि कोषमा जम्मा भएको तीन लाख रुपैंयाँको ब्याजबाट पनि स्मृति पुरस्कार प्रदान गरिने छ।

अघिल्लो कार्यसमितिसम्म प्रदान गरिएका स्मृति पुरस्कारलाई स्मृति पुरस्कार नभई 'स्मृति सम्मान'मा लगिने छ र उक्त सम्मान अधिबेशनमा प्रदान गरिने छ। अघिल्लो साधारणसभाले पुरस्कारको आर्थिक भार धान्न नसक्ने भन्दै उक्त पुरस्कारलाई स्मृति सम्मानमा लान आग्रह गरेको र उक्त साधारणसभाले त्यस प्रस्तावलाई अनुमोदन गरेको पनि यहाँहरुलाई जानकारी गराउँदछु। स्मृति सम्मानलाई पुरानै नीति अनुसार अधिवेशनमा नै निरन्तरता दिने पनि जानकारी गराउँदछु।

### सदस्यताको वर्तमान अवस्था

हाम्रो शाखामा अहिले १ हजार १० जना सदस्य रहेका छन् । यसमध्ये हालसम्म १ सय ३७ जना सदस्यले सदस्यता नवीकरण गर्नुभएको छ। यसैबीचमा शाखाका तीनजना सदस्यको विभिन्न कारणबाट निधन भएको छ। जसमा पदमभक्त खरेल, सत्यराम पराजुली र कमल कोइरालालाई म यस सभामा सम्झना गर्दछु।

महासंघमा सदस्यता थपिने क्रम बढ्दो छ। तर, स्वतस्फुर्त रुपमा नवीकरण गर्ने सदस्यको संख्या न्यून रहेको रेकर्डले देखाउँछ । पत्रकारहरुको संख्यात्मक वृद्धि भए पनि अब गुणात्मक वृद्धिलाई पनि प्राथमिकता दिनुपर्ने अवस्था छ। ७७ जिल्लावाटै शाखामा नयाँ सदस्यको लागि आवेदन धेरै पर्ने भएकोले नयाँ सदस्यको व्यवस्थापनमा पनि शाखा चनाखो हुनुपर्ने अबस्था छ । विशेषगरी यो शाखा प्रिन्ट मिडियाको शाखा र बिबिधताका साथै छुट्टै विशेषता बोकेको शाखा भएको पनि अवगत गराउँदछु।

### सदस्यता शुद्धीकरण सम्बन्धमा

सदस्यता शुद्धीकरणको विषय जहिले पनि छायाँमा पर्ने गरेको छ। म यो सभाबाट अनुमति लिँदै नतिजामै देखिने गरी सदस्यता शुद्धीकरणका लागि महासंघ केन्द्रीय समिति र उपत्यका प्रदेश समितिसँग आग्रह गर्न चाहन्छु। यस अभियानमा म रमेश कुमार बोहोरा सचिवको हैसियतले जस्तोसुकै साथ, सहयोग र सहकार्य गर्न सदैव प्रतिबद्ध रहेको प्रतिबद्धता व्यक्त गर्दछु।

### अन्तरजिल्ला सहकार्यको सुरुवात

यस कार्यक्रम अन्तर्गत नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले विभिन्न जिल्लाहरुसँग मिलेर सहकार्य गर्ने भएको छ। जसअनुसार २०८३ जेठ १ गते सिन्धुपाल्चोक जिल्ला शाखासँग संयुक्त बैठक बसेको थियो।

प्रेस विज्ञप्ति सम्बन्धमा

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले एकातिर विभिन्न घटनाका सम्बन्धमा प्रेस विज्ञप्ति जारी गरी आफ्नो सक्रियता देखाइरहेको छ भनें अर्कोतिर सरकार तथा सम्बन्धित पक्षलाई खबरदारी गर्ने काम पनि गरिरहेको अवगत गराउँदछु । शाखाले प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेपविरुद्ध तत्काल विज्ञप्ति जारी गरी सम्बन्धित पक्षलाई झक्झक्याएको पनि यहाँलाई अवगतै छ। साथै शाखाको हरेक गतिविधिलाई नजिकबाट नियाली आफ्नो सञ्चारमाध्यममा समाचार सम्प्रेषण तथा प्रकाशन गर्नुहुने सबै सञ्चारमाध्यमप्रति हार्दिक आभार व्यक्त गर्दछु।

## एजेण्डा पठाउने सम्बन्धमा

केन्द्रीय समितिको प्रत्येक बैठकमा शाखाबाट काठमाडौं उपत्यकासँग जोडिएका विषयमा लिखित एजेण्डा पठाउने प्रचलनको सुरुवात पनि हाम्रो कार्यकालमा सुरुवात भएको छ।

## अध्यक्ष मण्डलका अध्यक्ष तथा सम्पूर्ण सदस्यज्यूहरु

यो साधारणसभाभन्दा अघि २०८३ साल जेठ १ र २ गते सिन्धुपाल्चोकमा शाखाको बैठक बसेको थियो। उक्त बैठकको व्यवस्थापनका लागि सक्रियता देखाई जिम्मेवारी निर्वाह गर्नुहुने शाखा कार्यसमिति सदस्य नेत्रबहादुर बस्नेतलाई धन्यवाद दिन चाहन्छु। शाखाको उक्त बैठकले निम्न घोषणा जारी पनि गरेको थियो।

## नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको सिन्धुपाल्चोक घोषणापत्र –२०८३

नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको सिन्धुपाल्चोकको चौतारामा २०८३ जेठ १ र २ गते बसेको बैठकले निम्न घोषणापत्र जारी गरेको छ।

१. श्रमजीवी पत्रकारहरुको हाल कायम रहेको न्यूनतम पारिश्रमिक अत्यन्तै न्यून रहेको वर्तमान अवस्थामा संचारकर्मीहरुलाई दैनिक जीवननिर्वाह गर्नसमेत असहज अवस्था बन्दै गएको हुँदा न्यूनतम पारिश्रमिकलाई दोब्बर बनाउन सरकारसँग नेपाल पत्रकार महासंघ काठमाडौं शाखा माग गर्दछ।

२. साना लगानीका तथा स्वरोजगारमुखी सञ्चारमाध्यमको अवस्था कमजोर हुँदै गएको अवस्थामा हाल प्रदान गरिँदै आएको लोककल्याणकारी विज्ञापनबापतको रकमलाई दोब्बर बनाउन सरकारसमक्ष शाखा यस घोषणापत्रमार्फत विशेष माग गर्दछ। यस्तै नेपाल सरकारबाट साना लगानी तथा स्वरोजगारमूलक सञ्चारमाध्यमलाई प्रदान गरिँदै आएको सहुलियतपूर्ण ऋणलाई १० लाख रुपैंयाँबाट बढाइ २५ लाख रुपैंयाँ पुऱ्याउन शाखा यस घोषणापत्रमार्फत जोडदार माग गर्दछ।

३. अनलाईन सञ्चारमाध्यमलाईसमेत लोककल्याणकारी विज्ञापन विगतका आर्थिक वर्षदेखि नै प्रदान गर्ने गरी रकम नै छुट्याइसकेको तर कार्यविधिको अभावमा हालसम्म पनि कार्यान्वयनको बाटोमा अघि बढ्न नसकेको अवस्थामा तत्काल कार्यविधि बनाएर कार्यान्वयन गर्न सरकारसँग माग गर्दछौं।

४. नेपाल पत्रकार महासंघले श्रम समस्या देखिएका सञ्चारगृहहरुमा श्रमजीवी पत्रकारको अधिकार स्थापनाका लागि दबाब दिन थप सशक्त कार्यक्रम घोषणा गर्न शाखा यस घोषणापत्रमार्फत केन्द्रीय समितिसँग माग गर्दछ। साथै, श्रमजीवी पत्रकार ऐन तथा नियमावली कार्यान्वयन नगर्ने तथा विभिन्न बहानामा नियमित पारिश्रमिक उपलब्ध नगराउने, दबाबपूर्ण बिदामा राख्ने, अनुचित सरुवा गर्ने तथा निष्काशन गर्ने संचार गृहलाई सहुलियतपूण ऋण तथा अनुदान उपलब्ध नगराउन महासंघ सरकारसमक्ष जोडदार माग राख्दछ।

५. सरकारले विगतको वजेटमार्फत नै पत्रकारहरुका लागि निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गर्ने घोषणा गरेको तर कार्यान्वयनको अवस्था नदेखिएकोमा सोको कार्यान्वयनका लागि यस शाखा सरकारसँग माग गर्दछ। साथै, सरकारले पत्रकारहरुका लागि लागु गरेको दुर्घटना बीमाको प्रक्रियालाई सरलीकरण गर्न र यसलाई स्वास्थ्य बीमामा रुपान्तरण गर्न गराउन शाखा माग गर्दछ।

६. सूचना तथा प्रसारण विभागले प्रदान गर्न सुरुवात गरेको ज्येष्ठ पत्रकारवृत्ति सम्पूर्ण ज्येष्ठ पत्रकारहरुलाई उपब्ध गराउने गरी तथ्यांक संकलन गर्ने कार्यका लागि नेपाल पत्रकार महासंघका शाखाहरुलाई जिम्मेवारी दिन र सोही अनुसार शाखाले सिफारिस गरेका ज्येष्ठ पत्रकारलाई सुविधा उपलव्ध गराउन शाखा माग गर्दछ। यस्तै ज्येष्ठ पत्रकारका लागि उमेरहद ६० वर्ष कायम गर्न पनि शाखा सम्वन्धित पक्षसँग माग गर्दछ।

७. पत्रकारहरुको क्षमता अभिबृद्धिका लागि विशेष तालिम उपलब्ध गराउन तथा सञ्चारगृहहरुलाई समावेशी बनाउन शाखा सरकारसँग माग गर्दछ।

८. विज्ञापन बोर्डले लोककल्याणकारी विज्ञापन प्रकाशित गरेबापतको रकम विभिन्न बाहनामा रोक्दै आएको गुनासो आइरहने गरेको हुँदा विभिन्न बाहनामा रोकिएको रकम तत्काल भुक्तान गर्न तथा पत्रपत्रिकालाई उपलब्ध गराउने सुविधाको प्रक्रियामा समेत सहजता प्रदान गर्न र विज्ञापन बोर्डको हरेक नीतिगत छलफलमा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको प्रतिनिधि अनिवार्य उपस्थिति रहने व्यवस्था गर्न शाखा जोडदार माग गर्दछ। साथै समानुपातिक विज्ञापन प्रणाली तत्काल कायम गर्नसमेत माग गर्दछौं।

९. बैठकस्थल सिन्धुपाल्चोकको चौतारा आसपासका क्षेत्र पर्यटकीय गन्तव्यका रुपमा रहेर पनि सडक सुविधाका दृष्टिबाट पछि परेको र सरकारी पक्षको ध्यान कम पुगेको देखिएकाले पर्यटकीय गन्तव्यलाई सहज पूर्वाधारसहितको विकासमा ध्यान दिन तथा सडकको स्तरोन्नति गर्न सरकारसँग माग गर्दछौं।

१०. निजी मिडियालाई सरकारी विज्ञापन नदिने सरकारको नीति लोककल्याणकारी राज्यको परिकल्पनाको विरोधी हो। यसलाई सरकारले तुरुन्तै सच्याओस् भन्दै उक्त नीति खारेजीको घोषणा गर्दछ।

## 'मिडिया बचाउ अभियान' अन्तर्गत

काठमाडौं जिल्लाका ११ वटै स्थानीय तहमा सातबुँदे ध्यानाकर्षणपत्र बुझाएको यो सभालाई गौरवसाथ जानकारी गराउँदछु।

### शाखाले स्थानीय तहलाई बुझाएको सातबुँदे ध्यानाकर्षणपत्र

नेपाल पत्रकार महासंघ काठमाडौ शाखाले स्थापनाकालदेखि नै पत्रकारको हकहित तथा प्रबर्द्धनका लागि सरकारी निकाय, संघ संस्था तथा स्थानीय तहसँगको समन्वयमा पत्रकार तथा पत्रकारिता क्षेत्रको विकास र पैरवीका लागि विभिन्न गतिविधि गर्दै आएको छ।

नेपाल पत्रकार महासंघ काठमाडौं शाखा देशकै सबैभन्दा ठूलो र धेरै पत्रकारहरु आवद्ध रहेको शाखा पनि हो। हाल यो शाखामा १ हजार १० जना पत्रकारहरु आवद्ध रहेका छन्।

यस शाखामा साना लगानीका स्वरोजगारमूलक मिडिया सञ्चालन गर्ने पत्रकारहरुको बाक्लो उपस्थिति रहेको छ। साना तथा स्वरोजगारमुखी मिडिया तथा यस शाखा आवद्ध पत्रकारहरुको हकहित, प्रबर्द्धन तथा विकासका लागि यस नगरपालिकासँग निम्न विषय नगरपालिकाको आगामी नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नका लागि अनुरोध छ।

### ध्यानाकर्षणका प्रमुख बुँदाहरू :

१. पत्रकार महासंघ काठमाडौं शाखामा देशकै सबैभन्दा धेरै स्वरोजगारमूलक मिडिया आबद्ध रहेकाले यिनीहरुको संरक्षण र विकासका लागि विशेष योजना तथा नीति बनाउन माग गर्दछौं।

२. मिडिया विकासका लागि लोककल्याणकारी विज्ञापन तथा 'फेलोसिप'को व्यवस्था गर्न माग गर्दछौं।

३. दैनिक, साप्ताहिक, पाक्षिक, मासिकजस्ता छापामाध्यमको ऐतिहासिक महत्व र ती माध्यमहरुले खेलेको भूमिका मनन गर्दै यस्ता छापामाध्यमको संरक्षण र प्रबर्द्धनका लागि नगरपालिकाबाट बिशेष योजना ल्याउन आग्रह गर्दछौं।

४. पत्रकारहरुको सीप तथा क्षमता विकासका लागि तालिम, गोष्ठी, सेमिनारको लागि कम्तीमा वार्षिक १० लाख रुपैंयाँ बजेटको व्यवस्था गर्न माग गर्दछौं।

५. लोककल्याणकारी विज्ञापन तथा अन्य सूचना सन्देश विभिन्न भाषाभाषी, महिला, दलित, आदिवासी तथा जनजातिहरु प्रकाशक तथा सम्पादक रहेका मिडियालाई प्राथमिकता दिई समावेशी ढंगले वितरण गर्न माग गर्दछौ ।

६. स्थानीय तहबाट निर्माण गर्ने मिडिया नीति तथा ऐन कानुन मिडियामैत्री र सविधानको भावना अनुरुप हुने गरी निर्माण गर्न माग गर्दछौ ।

७. यस नगरपालिकाका सबैखालका कार्यक्रममा पत्रकार महासंघ काठमाडौं जिल्ला शाखासँग आपसी सहकार्य गर्न आग्रह गर्दछौं ।

मिडिया बचाउन पालिकाहरुको पनि कर्तव्य हो भन्ने कुरा हामीले पालिकासमक्ष पुऱ्याएका छौं । पालिकाहरुले सकारात्मक दिँदै जवाफ दिएका छन् ।

# 'मिडिया बचाउ अभियान' अन्तर्गत वागमति प्रदेश सरकारलाई बुझाइएको ९ बुँदे ध्यानाकर्षणपत्र

नेपाल पत्रकार महासंघको सबैभन्दा धेरै सदस्य संख्या रहेको ठूलो जिल्ला शाखा काठमाडौँ जिल्ला शाखामा हाल १ हजार १० जना पत्रकार आबद्ध छन् । स्थापनाकालदेखि नै यस शाखाले साना तथा स्वरोजगारमूलक सञ्चारमाध्यमहरूको प्रवर्द्धन, पत्रकारको सशक्तिकरण तथा सञ्चार क्षेत्रको समग्र विकासमा अग्रणी भूमिका खेल्दै आएको छ ।

देशका सबै लोकतान्त्रिक आन्दोलनमा सञ्चारमाध्यमको महत्वपूर्ण योगदान रहँदै आएको छ । २०४६ सालको जनआन्दोलन होस् या २०६२/०६३ को जनआन्दोलन नै किन नहोस्, सञ्चारकर्मीहरूले लोकतन्त्र, गणतन्त्र, मानव अधिकार र अभिव्यक्ति स्वतन्त्रताको पक्षमा निर्भिक भूमिकाका साथ सक्रिय सहभागिता जनाएका थिए ।

विगत केही वर्षयता साना लगानी तथा स्वरोजगारमूलक दैनिक, साप्ताहिक, पाक्षिक तथा मासिक पत्रपत्रिकाहरू क्रमशः बन्द हुने अवस्थामा पुगेका छन् । सञ्चालनमा रहेका थुप्रै सञ्चारमाध्यमहरू पनि निरन्तर संकटमा छन् । यस्तो अवस्थामा संविधानले प्रत्याभूत गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न प्रदेश सरकारको सकारात्मक सहयोग आवश्यक पर्ने देखिन्छ ।

यसै सन्दर्भमा साना लगानी तथा स्वरोजगारमूलक सञ्चारमाध्यमहरूको संरक्षण, पत्रकारहरूको पेशागत सुरक्षा र क्षमतावृद्धि तथा मिडिया नीतिको सुधारका विषयमा सरकारको गम्भीर ध्यान जानु आवश्यक छ ।

प्रेस स्वतन्त्रता लोकतन्त्रको मेरुदण्ड हो । यसको संरक्षण र सुदृढीकरण राज्यको प्रमुख उत्तरदायित्व हुनुपर्छ । तल उल्लेख गरिएका बुँदाहरूलाई वागमती प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेटमा समावेश गरी सञ्चार क्षेत्रलाई जीवित र सबल बनाउनेतर्फ गम्भीर ध्यान पुगोस् भन्ने हाम्रो हार्दिक अपेक्षा छ ।

### ध्यानाकर्षणका प्रमुख बुँदाहरू :

१. वागमती प्रदेशमा दर्ता रहेका पत्रपत्रिका तथा अनलाइन मिडियालाई लोककल्याणकारी विज्ञापन प्रदान गर्न सुरुवात गरियोस् ।

२. मिडिया सम्बन्धित विधेयक तथा सम्पूर्ण सञ्चारसम्बन्धी कानुनहरू पत्रकार महासंघलगायत

सरोकारवालासँग पर्याप्त परामर्श र छलफलको आधारमा निर्माण गरियोस् ।

३. महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक पत्रकारहरूको संरक्षणका लागि विशेष कार्यक्रम ल्याइयोस् ।

४. वागमती प्रदेशभित्र निरन्तर प्रकाशनमा रहेका पत्रपत्रिकाहरूलाई निःशुल्क टेलिफोन तथा इन्टरनेट सुविधा उपलब्ध गराइयोस् ।

५. पत्रकारहरुलाई सामाजिक सुरक्षा कोषमा लैजाने ब्यबस्था गरियोस् ।

६. वागमती प्रदेश सरकारबाट जेष्ठ पत्रकारलाई निवृत्तीभरण दिने प्रक्रिया सुरुवात गरियोस् ।

७. समाचार संकलनको क्रममा पत्रकारहरू असुरक्षित हुने अवस्था बढेकाले उनीहरूको सुरक्षाका लागि ठोस व्यवस्थाहरू गरियोस् ।

८. पत्रकारहरूको सूचनामा पहुँच तथा डिजिटल दक्षता अभिवृद्धिका कार्यक्रमहरूसमेत बजेटमा समावेश गरियोस् । 'सोसियल मिडिया' सामग्री निर्माताहरू (Content Creators) को क्षमता अभिवृद्धिका लागि विशेष तालिमका कार्यक्रमहरू ल्याइयोस् ।

९. नेपाल पत्रकार महासंघ काठमाडौं जिल्ला शाखाको अहिलेसम्म जग्गा तथा भवन नभएकोले शाखाको लागि उपयुक्त ठाउँमा जग्गाको व्यवस्थाको लागि पहल गरिदिनुहुन माग गर्दछौं । साथै जग्गा उपलब्ध नभएसम्म वागमती प्रदेश सरकार अन्तर्गत काठमाडौंमा रहेका भवनमा शाखाको कार्यलय रहने ब्यबस्थापन गरियोस् । प्रदेश सरकारले पनि सकारात्मक जवाफ दिँदै आएको छ ।

# 'मिडिया बचाउ अभियान' अन्तर्गत केन्द्रीय सरकारलाई बुझाएको ११ बुँदे ध्यानाकर्षणपत्र

नेपाल पत्रकार महासंघ देशभरिका पत्रकारहरूको साझा छाता संस्था हो, जसले विगत ६९ वर्षदेखि स्वतन्त्र पत्रकारिता, सञ्चारमाध्यमको विकास, श्रमजीवी पत्रकारहरूको हकहितको संरक्षण तथा लोकतान्त्रिक मूल्यमान्यताका पक्षमा निरन्तर क्रियाशील भूमिका निर्वाह गर्दै आएको छ। नेपाल पत्रकार महासंघको सबैभन्दा धेरै सदस्य संख्या रहेको ठूलो जिल्ला शाखा काठमाडौँ जिल्ला शाखामा हाल १ हजार १० जना पत्रकार आबद्ध छन् । स्थापनाकालदेखि नै यस शाखाले साना लगानी तथा स्वरोजगारमूलक सञ्चारमाध्यमहरूको प्रवर्द्धन, पत्रकारको सशक्तिकरण तथा सञ्चार क्षेत्रको समग्र विकासमा अग्रणी भूमिका खेल्दै आएको छ।

देशका सबै लोकतान्त्रिक आन्दोलनमा सञ्चारमाध्यमको महत्वपूर्ण योगदान रहँदै आएको छ। २०४६ सालको जआन्दोलन होस् या २०६२/२०६३ को जनआन्दोलन नै किन नहोस्, सञ्चारकर्मीहरूले प्रजातन्त्र, गणतन्त्र, मानव अधिकार र अभिव्यक्ति स्वतन्त्रताको पक्षमा निर्भिक भूमिकाका साथ सक्रिय सहभागिता जनाएका थिए तर, विडम्बनापूर्ण कुरा यो छ कि आज त्यही मूल्यका लागि लड्ने पत्रकार र सञ्चारमाध्यमहरू जीविकोपार्जनको संकटमा छन् । विगत केही वर्षयता साना लगानी तथा स्वरोजगारमूलक दैनिक, साप्ताहिक, पाक्षिक तथा मासिक पत्रपत्रिकाहरू क्रमशः बन्द हुने अवस्थामा पुगेका छन् । सञ्चालनमा रहेका थुप्रै सञ्चारमाध्यमहरू पनि निरन्तर संकटमा छन् । यस्तो अवस्थामा संविधानले प्रत्याभूत गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्न सरकारको सकारात्मक सहयोगको आवश्यकता परेको छ। यसै सन्दर्भमा, साना लगानीका तथा स्वरोजगारमूलक सञ्चारमाध्यमहरूको संरक्षण, पत्रकारहरूको पेशागत सुरक्षा र क्षमतावृद्धि तथा मिडिया नीतिको सुधारका विषयमा सरकारको गम्भीर ध्यान जानु आवश्यक छ। प्रेस स्वतन्त्रता लोकतन्त्रको मेरुदण्ड हो। यसको संरक्षण र सुदृढीकरण राज्यको प्रमुख उत्तरदायित्व हुनुपर्छ। तल उल्लेख गरिएका बुँदाहरूलाई आगामी आर्थिक वर्षको बजेटमा समावेश गरी सञ्चार क्षेत्रलाई जीवित र सबल बनाउनेतर्फ सरकारको गम्भीर ध्यान पुगोस् भन्ने हाम्रो हार्दिक अपेक्षा छ।

**ध्यानाकर्षणका प्रमुख बुँदाहरू :**

१. वर्गीकृत पत्रपत्रिकाहरूलाई प्रदान गरिँदै आएको लोककल्याणकारी विज्ञापन बजेटमा दोब्बर वृद्धि गरियोस् ।

२. सूचना तथा प्रशारण विभागमा दर्ता भई सञ्चालनमा रहेका अनलाइन सञ्चारमाध्यमहरूलाई पनि लोककल्याणकारी विज्ञापनको दायरामा समावेश गरियोस् ।

३. मिडिया काउन्सिल विधेयकसहित सम्पूर्ण सञ्चारसम्बन्धी कानुनहरू पत्रकार महासंघलगायत सरोकारवालासँग पर्याप्त परामर्श र छलफलको आधारमा निर्माण गरियोस् ।

४. दीर्घकालदेखि पत्रकारिता क्षेत्रमा क्रियाशील जेष्ठ, महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक पत्रकारहरूको संरक्षणका लागि विशेष कार्यक्रम ल्याइयोस् । साथै लोककल्याणकारी सूचना प्रकाशन गरेबापत पत्रपत्रिकाले पाउने शुल्कमा विज्ञापन बोर्डले लाउने कर छुट गर्नको लागि माग गर्दछौं ।

५. निरन्तर प्रकाशनमा रहेका पत्रपत्रिकाहरूलाई निःशुल्क टेलिफोन तथा इन्टरनेट सुविधा उपलब्ध गराइयोस् ।

६. पत्रकारहरूको स्वास्थ्य बीमा कार्यक्रम लागू गरिनुका साथै अस्पतालहरुमा उपचारमा ५० प्रतिशत छुटको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गरियोस् ।

७. जेष्ठ पत्रकारलाई दिइने निवृत्तीभरण प्रक्रिया खुकुलो बनाई जेष्ठ पत्रकारले यो सुविधा सजिलै प्राप्त गर्ने वातावरण तयार गरियोस् ।

८. समाचार संकलनको क्रममा पत्रकारहरू असुरक्षित हुने अवस्था बढेकाले उनीहरूको सुरक्षाका लागि ठोस व्यवस्थाहरू गरियोस् ।

९. पत्रकारहरूको सूचनामा पहुँच तथा डिजिटल दक्षता अभिवृद्धिका कार्यक्रमहरू समेत बजेटमा समावेश गरियोस् । सोसियल मिडिया सामग्री निर्माताहरू (Content Creators ) को क्षमता अभिवृद्धिका लागि विशेष तालिम कार्यक्रमहरू ल्याइयोस् ।

१०. सञ्चार क्षेत्रको दीर्घकालीन सुधारका लागि सहकार्यात्मक सञ्रचना र साझा पहलमार्फत नीति निर्माण गरियोस् ।

११. नेपाल पत्रकार महासंघ काठमाडौं जिल्ला शाखाको अहिलेसम्म जग्गा तथा भवन नभएकोले शाखाको लागि उपयुक्त ठाउँमा जग्गाको व्यवस्थाको लागि पहल गरिदिनुहुन माग गर्दछौं ।

यो विषयमा तत्कालीन केन्द्र सरकारले पनि सकारात्मक जवाफ दिएको थियो । यस्तै पत्रकार महासंघको अग्रसरतामा भएका विभिन्न कार्यक्रमहरुमा समेत यस शाखाका तर्फबाट सक्रिय सहभागिता रहँदै आइरहेको छ ।

## निर्वाचन समितिबाट प्राप्त

निर्वाचन समितिबाट प्राप्त हालका ३१ जना राष्ट्रिय परिषद् सदस्यज्यूहरुको नामावली यसप्रकार रहेको छ-

१. शोभा अर्याल   अध्यक्ष (पदेन)
२. चिरञ्जीवी खनाल
३. रामहरि सिलवाल
४. देवेन्द्र चुडाल
५. रामकला बुढाथोकी
६. दीपक पाण्डे
७. एकराज दाहाल
८. अर्जुनप्रसाद मैनाली
९. नकुल अर्याल
१०. गोकर्ण बराल
११. लिलाराज खनाल
१२. रघुनाथ पौडेल
१३. सर्मिला भण्डारी
१४. हेमराज सिलवाल
१५. भरत लामिछाने
१६. बालकृष्ण प्रसाद
१७. दीपक पुडासैनी
१८. मुकुन्द पौडेल
१९. नवराज न्यौपाने
२०. नारायणप्रसाद शर्मा
२१. महेश्वर गौतम
२२. जीवन भण्डारी
२३. लक्ष्मी तिमल्सिना
२४. अप्सरा गौतम
२५. रामचन्द्र खड्का
२६. छायाँचन्द्र भण्डारी
२७. ताराचन्द्र देवकोटा
२८. मुक्ति बास्तोला
२९. भावना विद्रोही प्रसाई
३०. रामहरि चौलागाई
३१. कल्पना शर्मा

# निर्वाचन समितिबाट प्राप्त

निर्वाचन समितिबाट प्राप्त हालका ५२ जना प्रदेश परिषद् सदस्यज्यूहरुको नामावली यसप्रकार रहेको छ-

१. देवराज अर्याल
२. देवेन्द्र कोइराला
३. दिनेश बस्नेत
४. केदारनाथ गौतम
५. मदन ढुगाना
६. टुकमाया भण्डारी
७. केशरमणि कटवाल
८. सुशील तिवारी
९. भुवन मास्के
१०. लक्ष्मणदेव पाण्डे
११. बद्री न्यौपाने
१२. विष्णु काफ्ले
१३. देवकी कार्की
१४. प्रदीपकुमार घिमिरे
१५. रमेश काफ्ले
१६. शिवविक्रम साह (राजेश)
१७. कृष्ण पौडेल
१८. दिपक काफ्ले
१९. पासाङकाजी शेर्पा
२०. योगन्द्र चौलागाईं
२१. प्रतिमा राई
२२. गोविन्द वि.क.
२३. ईश्वरराज मगर
२४. रामकुमार बस्नेत
२५. राजन थापा
२६. निरज के.सी.
२७. दिनेश कोइराला
२८. ईमा राजवाहक
२९. उत्तम के.सी.
३०. पुष्पा कमारी महरा
३१. उपेन्द्र खड्का
३२. लक्ष्मण गुरुङ
३३ दिलिप न्यौपाने
३४. मोहनप्रसाद मैनाली
३४. प्रकाश थापा
३५. नृपेन्द्रलाल श्रेष्ठ
३६. राजन थापा
३७. लालबहादुर थापा
३८. गंगालाल सापकोटा
३९. यमबहादुर बीसी
४०. कृष्णप्रसाद भुसाल
४१. लक्ष्मण रोका
४२. सुरेन्द्रप्रसाद पाण्डे
४३. नरेन्द्रराज सुवेदी
४४. अशोक शिवाकोटी
४५. नेत्र भुर्तेल
४६. इन्द्र बानिया
४७. दिनेश थापामगर
४८. राजेन्द्र खनाल
४९. किशोर दाहाल
५०. अम्बिका घिमिरे
५१. हरिगोपाल प्रधान
५२ कुमार भण्डारी

# यस्तो छ शाखाको विगतको इतिहास

कार्यसमितिको विगतको इतिहास खोज्ने कामको थालनी पनि हामीले हाम्रो कार्यकालमा सुरुवात गरिसकेका छौं। जसअनुसार स्थापनाकालदेखि अहिलेसम्मको कार्यसमितिको इतिहास यहाँ प्रस्तुत गरेको छु।

## संस्थापक कार्यसमितिका पदाधिकारी तथा कार्यसमिति सदस्यहरु–

### २०४९ सालदेखि २०५१ सालसम्म

**सभापति** : किशोर नेपाल
**उपसभापति** : उज्वल झा
**सचिव** : अशोक श्रेष्ठ
**सहसचिव** : श्याम श्रेष्ठ
**कोषाध्यक्ष** : राजेन्द्र स्थापित

**सदस्यहरु**

आशा सिंह
ईश्वरी अधिकारी
कमल प्रधान
ज्योति वैद्य
तीर्थ कोइराला
पुष्पराज प्रधान
बद्री पौडेल
बोधराज त्रिपाठी
मुक्ति रिजाल
राजेन्द्र गौतम
लक्ष्मीप्रसाद प्रसाईं
लेखनाथ भण्डारी
सीता कोइराला

## दोस्रो कार्यसमितिका पदाधिकारी तथा कार्यसमिति सदस्यहरु –

### २०५१ सालदेखि २०५३ सालसम्म

**सभापति** : अशोक श्रेष्ठ
**उपाध्यक्ष** : गोपाल बुढाथोकी
**सचिव** : केदार सुवेदी
**सहसचिव** : वालकुमार नेपाल
**कोषाध्यक्ष** : रमेश खड्का

### सदस्यहरु

उषा लोहनी
कुशुम भट्टराई
गिरिस पोखेल
टंक पन्त
नानीबाबु दाहाल
भूषण घिमिरे
सुनिल शर्मा
श्याम घिमिरे
शिवकुमार भट्टराई
लक्ष्मीप्रसाद प्रसाई

## तेस्रो कार्यकालका पदाधिकारी तथा कार्यसमिति सदस्यहरु–

### २०५३ सालदेखि २०५५ सालसम्म

**सभापति** : गोपाल बुढाथोकी
**उपसभापति** : विनोद ढुङ्गेल
**सचिव** : भूषण घिमिरे
**कोषाध्यक्ष** : इश्वरी वाग्ले

**सदस्यहरु**

केजिन राई
गोकुल बाँस्कोटा
गोविन्द आचार्य
लक्ष्मीप्रसाद प्रसाई
शिवप्रसाद तिवारी

## चौथो कार्यकालका पदाधिकारी तथा कार्यसमिति सदस्यहरु–

### २०५५ सालदेखि २०५८ सालसम्म

**सभापति** : इश्वरी वाग्ले
**उपसभापति** : तारा रावल
**सचिव** : भुपराज खड्का
**कोषाध्यक्ष** : गोविन्द आचार्य

**सदस्यहरु**

उमेश चौहान
गोपाल खनाल
चुनबहादुर गुरुङ
पंकज दाहाल
मीना सुवेदी

## पाँचौं कार्यकालका पदाधिकारी तथा कार्यसमिति सदस्यहरु–

### २०५८ सालदेखि २०६१ सालसम्म

**सभापति** : हरि लम्साल
**उपसभापति** : युवराज विद्रोही
**सचिव** : पंकज दाहाल
**कोषाध्यक्ष** : विशाल खत्री

### सदस्यहरु

उज्ज्वलचन्द्र न्यौपाने
कुमार रन्जित
कृष्ण प्रसाद सुवेदी
दिनेश बस्नेत
बाबुराम ढकाल
विश्वनाथ दाहाल
शशिधर भण्डारी

## छैटौं कार्यकालका पदाधिकारी तथा कार्यसमिति सदस्यहरु–

### २०६१ सालदेखि २०६४ सालसम्म

**सभापति** : युवराज विद्रोही
**उपसभापति** : कमल गुरुङ
**सचिव** : दिनेश बस्नेत
**कोषाध्यक्ष** : धनबहादुर मगर

**सदस्यहरु**

सरला बैजु
चेतनाथ धमला
होमप्रसाद लम्साल
वसन्त महर्जन
करुण अर्याल
टीबी बिरही
गोविन्द प्रसाद चौलागाईं

## सातौं कार्यकालका पदाधिकारी तथा कार्यसमिति सदस्यहरु–

### २०६४ सालदेखि २०६७ सालसम्म

**अध्यक्ष** : युवराज विद्राही
**उपाध्यक्ष** : धनबहादुर मगर
**सचिव** : गोविन्द प्रसाद चौलागाईं
**सहसचिव** : दिपक खनाल
**कोषाध्यक्ष** : टिबि बिरही

### सदस्यहरु

कमला कट्टेल 'सन्ध्या'
श्रीजन झा
रिना शर्मा
जन्मदेव जैसी
बैकुण्ठ भण्डारी
शिव बस्नेत
पंकज राई

## आठौं कार्यकालका पदाधिकारी तथा कार्यसमिति सदस्यहरु–

### २०६७ सालदेखि २०७० सालसम्म

**अध्यक्ष** : गोविन्द चौलागाईं
**उपाध्यक्ष** : टिबि बिरही
**सचिव** : दिपक खनाल
**सहसचिव** : चन्द्रमणि भट्टराई
**कोषाध्यक्ष** : बैकुण्ठ भण्डारी

### सदस्यहरु

बिष्णु पन्थी
कालिकाबहादुर महत
योगेश ढकाल
विमल कुमार थापा
सीता पोखेल
केशव न्यौपाने
शितलकाजी श्रेष्ठ
रेणुका भट्टराई
मानध्वज लामा (सागर)
रामशुभक महतो
ज्ञान प्रसाद बाँस्तोला

## नवौं कार्यकालका पदाधिकारी तथा कार्यसमिति सदस्यहरु–

### २०७० सालदेखि २०७४ सालसम्म

**अध्यक्ष** : गोविन्द्रप्रसाद चौलागाई
**उपाध्यक्ष** : श्रीजन झा
**सचिव** : रामकृष्ण अधिकारी
**सह–सचिव** : ज्ञान प्रसाद बास्तोला
**कोषाध्यक्ष** : सीता पोखरेल

**सदस्यहरु**

सूर्य सुवेदी
कालिकाबहादुर महत
रामचन्द्र बस्नेत
नेत्र प्रसाद न्यौपाने
सतिदेवी उप्रेती
सुनिता कोइराला
अमिर लामा
रमेश वाग्ले
भउच प्रसाद यादव
ममता कट्टेल
वीरबहादुर लामा
सन्तोष बराईली

## दशौं कार्यकालका पदाधिकारी तथा कार्यसमिति सदस्यहरु–

### २०७४ सालदेखि २०७८ सालसम्म

**अध्यक्ष** : शन्तराम विडारी
**उपाध्यक्ष** : सूर्य सुवेदी
**उपाध्यक्ष** : सिता पोखरेल
**सचिव** : मोहन प्रसाद पन्त
**सह–सचिव** : रामशरण माझी
**सह–सचिव** : अमिर लामा
**कोषाध्यक्ष** : पृथ्वी बहादुर बस्नेत (रामचन्द्र )

### सदस्यहरु

सुलोचना अर्याल
पुष्कर बस्नेत
रामचन्द्र दुलाल
फणिन्द्र फुयाल
अजित अधिकारी
राजेश भण्डारी
मुकुन्द भुषाल
विष्णु गिरी (निश्चल)
विनय कुमार महतो
हेम बहादुर राना (कमल)
अम्बिका घिमिरे
शर्मिला विश्वकर्मा
शशिबाबु पौडेल

## एघारौं कार्यकालका पदाधिकारी तथा कार्यसमिति सदस्यहरु–

### २०७८ सालदेखि २०८१ सालसम्म

**अध्यक्ष** : सूर्य सुवेदी
**उपाध्यक्ष** : रामचन्द्र दुलाल
**उपाध्यक्ष** : अप्सरा गौतम
**सचिव** : महेश्वर गौतम
**सह–सचिव** : अर्जुनप्रसाद डोटेल
**सह–सचिव** : हेम बहादुर राना (कमल)
**कोषाध्यक्ष** : अजित अधिकारी

**सदस्यहरु**

कमलराज राई
रमेश कुमार बोहोरा
बुद्ध योञ्जन लामा
कृष्णराज गौतम
कृष्णप्रसाद ढुंगेल
रिना श्रेष्ठ
रमेश लामिछाने
शैलेस डंगोल
सुबास मुखिया सुनुवार
मिना कुमारी यादव
शोभा अर्याल
शोभा नेपाली
दिपक काफ्ले

## हालको बाह्रौं कार्यकालका पदाधिकारी तथा कार्यसमिति सदस्यहरु–

### २०८१ सालदेखि २०८४ सालसम्म

**अध्यक्ष** : शोभा अर्याल
**उपाध्यक्ष** : हेम बहादुर राना (कमल)
**उपाध्यक्ष** : कान्ति न्यौपाने
**सचिव** : रमेश कुमार बोहोरा
**सह–सचिव** : विक्रम रत्न
**सह–सचिव** : ईश्वरी अधिकारी (ईशा)
**कोषाध्यक्ष** : रामचन्द्र कार्की (राम)

**सदस्यहरु**

मञ्जु घिमिरे
अनिशा जयन्ती श्रेष्ठ
हेमराज सुवेदी
चेत नारायण बेल्बासे
अंकध्वज परियार
गोविन्द कुमार शर्मा
ऋग देवकोटा
नेत्र बहादुर बस्नेत
अनिशा निरौला
बिनिता डंगोल
सुनिल कुमार साह
गणेश वि.क.
जगदिश प्रसाद अधिकारी

**हालसम्मका कार्यसमितिका पदाधिकारी तथा कार्यसमिति सदस्यज्यूहरुलाई स–सम्मान स्मरण गर्दै उहाँहरुको योगदानको शाखाले उच्च मूल्यांकन गर्दछ ।**

**अब यो सभाहलमा म शाखाको सचिव रमेश कुमार बोहोरा शाखाको आगामी कार्ययोजना र नीति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

## शाखाको आगामी कार्ययोजना र नीति

शाखाले पहिलो डेढ बर्षमा नीतिगत कामहरु धेरै गरेको छ। अबको बाँकी समय पनि शाखाका सदस्यहरुप्रति बढी उत्तरदायी हुने कार्यक्रमहरु राखिएका छन्, ती कार्यक्रमलाई बुँदागत रुपमा उल्लेख गरेको छु।

१. तीनै तहका सरकारको सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्रै दिने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको विभेदकारी निर्णय र परिपत्र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अन्तर र्राष्ट्रिय मापदण्ड, नेपालको संवैधानिक प्रबन्ध, खुला अर्थनीति र संघीयताको मर्मविपरीत भएको ठहर गर्दै यो निर्णय तत्काल फिर्ता गर्न सरकारको त्यो निर्णयको विरोधमा अहिले भइरहेको दवावमूलक अभियानलाई थप प्रभावकारीरुपमा सञ्चालन गर्नुपर्ने छ।

२. पत्रकारहरुको क्षमता अभिवृद्धिका लागि तालिम तथा गोष्ठीको आवश्यकता छ भन्ने महसुस गरी सो कार्यका लागि शाखाले विशेष जोड दिने छ। सरकार र संघीय संसदबाट प्रेसविरोधी कानुन निर्माण हुने खतरा हुँदा निरन्तर ध्यानाकर्षण गराउनुपर्ने छ।

३. पत्रकारहरुका लागि सरकारले ल्याएको दुर्घटना वीमाको योजनालाई स्वास्थ्य वीमामा रुपान्तरण गर्न आवश्यक पहलकदमी लिने तथा शाखाले आफ्ना सदस्यहरुको स्वास्थ्य वीमा सुरुवात गर्ने लक्ष्यसमेत लिएको छ।

४. देशकै सबैभन्दा बढी स्वरोजगारमूलक साना लगानीका मिडिया, समग्रतामा ६५ प्रतिशतभन्दा बढी सञ्चारमाध्यम र सञ्चारकर्मी यस शाखाभित्र छन्। स्वरोजगारमूलक साना लगानीका सञ्चारमाध्यमप्रति सरकार पछिल्ला दिनमा अनुदार देखिएको छ । यसका लागि पत्रकार महासंघ काठमाडौं शाखाले निरन्तर खबरदारी गर्नुपर्ने देखिएको छ।

५. पत्रकारहरुको सुरक्षाको विषय दिनदिनै पेचिलो बनेको छ। यो विषयमा पनि यस शाखाले विशेष जोड दिनुपर्ने छ र सो कार्यमा उपत्यका प्रदेश समिति र केन्द्रीय समितिको समेत सहयोगको अपेक्षासमेत शाखाले गरेको छ।

६. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नहुँदा श्रमजीवी पत्रकारहरुको अवस्था दिनानुदिन खस्किँदो छ। महासंघका उद्देश्यहरु, प्रेस स्वतन्तत्रताको रक्षा, पत्रकारहरुको सुरक्षाका लागि अझै दह्रो र एकताबद्ध भएर उभिनुपर्ने आवश्यकता महसुस भएको छ।

७. शाखामा आबद्ध सदस्यहरुको नाम र फोन नम्बरसहितको टेलिफोन डाइरेक्ट्री प्रकाशन गर्ने शाखाको लक्ष्य छ।

८. शाखाले पूर्वअध्यक्षहरुको प्रोफाइल तयार गर्ने लक्ष्य लिएको छ।

९. शाखाले 'मिडिया मन्थन' अभियान सुरु गर्ने छ।

१०. शाखाले फरकफरक धारका मिडिया सञ्चालन गर्ने सम्पादक र प्रकाशकसँग छलफल अभियानलाई अझै सक्रियताका साथ सञ्चालन गर्ने छ।


११. शाखाले शाखाको लागि जग्गा खोज्ने पहल अघि बढाउने छ।

**अध्यक्ष मण्डलका अध्यक्ष तथा सदस्यज्यू, पूर्व अध्यक्षज्यूहरु, साधारण सदस्यज्यूहरु, प्रदेश परिषद् सदस्यज्यूहरु, राष्ट्रिय परिषद् सदस्यज्यूहरु, शाखाका कार्यसमितिका पदाधिकारी, सदस्य तथा सल्लाहकारज्यूहरु**

हामीहरूलाई नेपाल पत्रकार महासंघ काठमाडौं शाखाको महत्वपूर्ण जिम्मेवारी सुम्पेर यहाँहरुसँग समन्वय, सहकार्य र विश्वासका साथ काम गर्ने अवसर दिनुभएकोमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु। आगामी दिनहरूमा पनि यस शाखाको कामकारबाहीलाई चुस्तदुरुस्त र प्रभावकारी वनाउन यहाँको महत्वपूर्ण सुझाव मिल्ने छ भन्ने अपेक्षा राख्दछु। यस शाखाको मिति २०८३ जेठ १ र २ गते बसेको कार्यसमिति वैठकबाट परित भएको यो प्रतिवेदन यस गरिमामय साधारणसभामा प्रस्तुत गर्दै यहाँ पेश गरेको छु। आशा छ यो सम्मानित सभाबाट यो प्रतिवेदन पारित गरिदिनुहुने छ।

अन्त्यमा आजको यस साधारणसभामा कार्यसमितिको सचिवको हैसियतमा प्राप्त जिम्मेवारी निर्वाह गर्ने क्रममा भएका कमजोरीप्रति क्षमायाचना गर्न चाहन्छु। आफ्नो व्यस्तताका बाबजुत पनि आजको सभामा सक्रिय सहभागी हुनुभएका यहाँहरु सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दै यसबीचमा यहाँहरुले देखाउनुभएको सक्रियता र सद्भावप्रति नमन व्यक्त गर्दछु।

यसैगरी कार्यसमिति अध्यक्ष शोमा अर्याल, उपाध्यक्ष हेमबहादुर राना (कमल) र कान्ति न्यौपाने, सचिव रमेश कुमार बोहोरा, सहसचिव विक्रम रत्न र ईश्वरी अधिकारी (इशा), कोषाध्यक्ष रामचन्द्र कार्की (राम) सहित कार्यसमिति सदस्यहरु मञ्जु घिमिरे, अनिशा जयन्ती श्रेष्ठ, हेमराज सुवेदी, चेतनारायण बेलवासे, अंकध्वज परियार, गोविन्द कुमार शर्मा, ऋग देवकोटा, नेत्र बहादुर बस्नेत, अनिशा निरौला, विनिता डंगोल, सुनिल कुमार शाह, गणेश विक, जगदिश प्रसाद अधिकारी तथा सल्लाहकारहरु सूर्य सुवेदी, पुष्कर वस्नेत र शन्तराम विडारीका साथै तपाई सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा समेत साथ र सहयोगका अपेक्षा गर्दछु। धन्यवाद। नमस्कार।



**रमेश कुमार बोहोरा**
सचिव

नेपाल पत्रकार महासंघ काठमाडौं जिल्ला शाखा निर्वाचन समिति २०८१

नेपाल पत्रकार महासंघ काठमाडौं जिल्ला शाखाको मंसिर २८ गते सम्पन्न निर्वाचनको मत परिणाम यस तपशिल बमोजिमको रहेको छ।

निर्वाचनमा प्राप्त मतका आधारमा प्रतिस्पर्धी उम्मेदवारहरुमध्ये विजयी उम्मेदवारहरु निम्न रहेका छन्।

| क.सं | पद | निर्वाचितहुने संख्या | नाम थर | प्राप्त मत | कैफियत |
|---|---|---|---|---|---|
| १ | अध्यक्ष | १ | गंगा बराल | ७१ | |
| | | | पुष्कर बस्नेत | २२२ | |
| | | | रामचन्द्र बस्नेत | ४३ | |
| | | | शोभा अर्याल | ४१५ | निर्वाचित |
| २ | उपाध्यक्ष (खुल्ला) | १ | अर्जुन प्रसाद ढोटेल | १३० | |
| | | | अर्जुन विष्ट | ६२ | |
| | | | गोविन्द गिरी | २४५ | |
| | | | हेमबहादुर राना (कमल) | २६६ | निर्वाचित |
| ३ | उपाध्यक्ष(समावेशी) | १ | कान्ति न्यौपाने | ४१३ | निर्वाचित |
| ४ | सचिव (खुल्ला) | १ | सीतामाया पौडेल | २१८ | |
| | | | बुद्धयोन्जन लामा | ३०३ | |
| | | | रमेशकुमार बोहरा | ३४३ | निर्वाचित |
| ५ | सह-सचिव (खुल्ला) | १ | ऋषिराम बस्याल | २७८ | |
| | | | बिक्रम रत्न | २८२ | निर्वाचित |
| ६ | सह-सचिव (समावेशी) | १ | इश्वरी अधिकारी (इशा) | ३८३ | निर्वाचित |
| | | | मनिकाखतिवडा | २८३ | |
| ७ | कोषाध्यक्ष | १ | रामचन्द्र कार्की (रामकार्की) | ३०१ | निर्वाचित |
| | | | राममणिघिमिरे | २३९ | |
| | | | भिमबहादु लामा | १३२ | |
| ८ | सदस्य (खुल्ला) | ८ | अंकध्वज परियार | २९४ | निर्वाचित |
| | | | अनिशा जयन्ती श्रेष्ठ | ३३२ | निर्वाचित |
| | | | नाग देवकोटा | २७८ | निर्वाचित |
| | | | श्रीकृष्ण ढकाल | २२१ | |
| | | | गोविन्दकुमार शर्मा | २९२ | निर्वाचित |
| | | | नेत्रबहादुर बस्नेत | २७० | निर्वाचित |
| | | | चेतनारायण बेलबासे | २९६ | निर्वाचित |
| | | | मञ्जु घिमिरे | ३५४ | निर्वाचित |
| | | | मानकाजी तामाङ | २४४ | |
| | | | रत्नकाजी महर्जन | १६३ | |
| | | | राजु नापित | २५७ | |
| | | | लक्ष्मण लम्साल | १९२ | |
| | | | लेखबहादुर श्रेष्ठ | २३१ | |
| | | | सन्तोष प्रसाद तिवारी | २४९ | |
| | | | समर रोकाया | २१० | |
| | | | शंकर प्रसाद ज्ञवाली | २५८ | |
| | | | यमराज सुवेदी | ३१५ | निर्वाचित |
| ९ | सदस्य (समावेशी) | ४ | यादव देवकोटा | २५८ | |
| | महिला | १ | अनिशा निरौला | ३४३ | निर्वाचित |
| | | | कल्पना खड्का | २८१ | |
| | जनजाति | १ | विनिता डंगोल | | निर्विरोध |
| | मधेशी | १ | रोशनकुमार सिंह | ३०३ | |
| | | | सुनिलकुमार शाह | ३०५ | निर्वाचित |
| | दलित | १ | गणेशवि.क. | | निर्विरोध |
| | अन्य | १ | जगदिश प्रसाद अधिकारी | २६८ | निर्वाचित |
| | | | टिका दास श्रेष्ठ | २४५ | |
| | | | लक्ष्मीराम सुनुवार | १०२ | |

सदस्य
प्रदिप सत्याल

सदस्य
रामहरि सिलवाल

संयोजक
इश्वरी बाग्ले

निर्वाचन समिति २०८१

# नेपाल पत्रकार महासंघ काठमाडौं शाखा, वर्तमान कार्यसमिति


शोभा अर्याल
अध्यक्ष


हेम बहादुर राना (कमल)
उपाध्यक्ष


कान्ति न्यौपाने
उपाध्यक्ष


रमेश कुमार बोहोरा
सचिव


विक्रम रत्न
सह-सचिव


ईश्वरी अधिकरी (ईशा)
सह-सचिव


रामचन्द्र कार्की (राम)
कोषाध्यक्ष

## कार्यसमिति सदस्य


मञ्जु घिमिरे


अनिशा जयन्ती श्रेष्ठ


हेमराज सुवेदी


चेत नारायण बेल्बासे


अंकध्वज परियार


गोविन्द कुमार शर्मा


ऋग देवकोटा


नेत्र बहादुर बस्नेत


अनिशा निरौला


बिनिता डंगोल


सुनिल कुमार साह


गणेश वि.क.


जगदिश प्रसाद अधिकारी

## सल्लाहकार


सूर्य सुवेदी


पुष्कर बस्नेत


शन्तराम विडारी